# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/०८२

चलानी नं.:-

मितिः२०८१/०८/२७

ने.सं. ११४५ थिंलाथ्व १२ बिहिबार

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्वन्धी सूचना ।

गैडहवा गाउँपालिका, कृषि विकास शाखा रुपन्देहीबाट आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुरबाट प्राप्त राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली बस्तु अन्तर्गत **तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** सचांलन गर्नुपर्ने भएकोले उक्त पकेट कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तर्गतका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति तथा कृषि फर्महरुले मिति सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८१/०९/११ गते भित्र) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची-६ अनुसारको आवेदन र अनुसुची - ७ अनुसारको आधारभुत तथ्यांक फारम भरी तपसिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**पकेट कार्यक्रम सचांलनका न्युनतम मापदण्डहरु**

| क्र स | बाली /बस्तु | इकाई | न्युनतम क्षेत्रफल वा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | **तरकारी बाली** | **हेक्टर** | २० | **एउटै क्लष्टरमा हुनुपर्नेछ** |

**<u>तपसिल</u>**

**<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>**

१- कृषक समुह/कृषि सहकारी /जल उपभोक्ता समिती तथा कृषि फर्मले दर्ता प्रमाण पत्रको प्रतिलिपि नियमानुसार नविकरण/सुचिकृत भएको ।
२- पकेट माग सम्बन्धि सस्थांगत निर्णयको प्रतिलिपि ।
३- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
४- वडा कार्यालयको सिफारीस ।
५- अडिट रिपोर्ट तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी ।
६- कार्यक्रममा सहभागीहरुको नागरीकताको प्रतिलिपि ।
७- अनुसुची - ६ अनुसारको निबेदन तथा अनुसुची - ७ अनुसारको विवरण फारम भरी पेश गर्नु पर्ने ।
८- कार्यक्रम सचांलन हुने स्थान जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलीपी ।

बिस्तृत जानकारीका लागिः गैडहवा गाँउपालिका कृषि विकास शाखा गैडहवा -३ विष्णुपुरा रूपन्देहीमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्बरः- ९८६७४२३२१६/ ९८५७०३९२८२/ ९८६७७४८४७५

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत